आज मिति २०७७ माघ ६ गते, मंगलबार बिहान ११:३० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको बैठक भनपा वडा नं. २ स्थित नयाँ भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री कुमार चवाल

७. वडाध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री महेन्द्र खायमली

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौंमिखा

१३. नगर कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल

१४. नगर कार्यपालिका सदस्य श्री छोरी मैया सुजखु (प्रजापति)

१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला

१७. नगर कार्यपालिका सदस्य श्री कृष्ण लक्ष्मी दुवाल

१८. प्रमुख प्रशासकीय अधिकृत श्री रामलाल श्रेष्ठ

विषयहरु :-

१. आठौं नगर सभामा पेश गर्ने विधेयक सम्बन्धमा ।

२. विविध ।

निर्णयहरु :-

१. भक्तपुर नगरपालिकाको आदर निकेतन सम्बन्धी विधेयक, २०७७ र शिशु स्याहार तथा बाल विकास केन्द्र संचालन कार्यविधि–२०७७ विधायन समितिबाट नगर सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

२. विविध विषयमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :

क. आर्थिक समिति

मिति २०७७।१०।५ गतेको बसेको निर्माण समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

१. यस भक्तपुर नगर क्षेत्रभित्रको घर जग्गामा लाग्ने सम्पत्ति कर (घर जग्गा कर) २०७७ पौष मसान्तभित्र बुझाएमा आवासीय घरको हकमा आ.व.२०७५।०७६ सम्मको घर जजग्गा करको बक्यौतामा ५० प्रतिशत छुट दिने निर्णय यस अघि भएकोमा वर्तमान कोभिड–१९ को असरबाट नगरवासीहरुलाई राहत समेत दिन तथा बक्यौता असूलीमा थप प्रभावकारिता ल्याउन उक्त कर छुटको म्याद २०७८ असार मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

२. चालू आ.व.२०७७।०७८ को कर दस्तुरको दरमा निम्न अनुसार संशोधन तथा थप गर्ने निर्णय गरियो :

१. कवाडी कर – प्रति गाडी निकासीमा

क. ठूला सवारी साधन र(ट्रक, लरी आदि) साविक रु.१०००।– बाट रु.३,०००।–

ख. साना सवारी साधन (मिनी ट्रक, टाटा मोबाइल) रु.५००।– बाट रु.१,०००।–

२. शौचालय शुल्क प्रस्तावित प्रति पटक (सार्वजनिक शौचालयको हकमा)

क. दिसा –१०।–

ख. पिसाब – ५।–

ग. बर्गर हाउस वार्षिक कर

क. श्रेणी- १५,०००।-

ख. श्रेणी - १०,०००।-

ग. श्रेणी - ५,०००।-

**ख. निर्माण समिति**

मिति २०७७।१०।६ गतेको निर्माण समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

भ.न.पा. वडा नं. १० नं. वडाकार्यालयबाट भूतिपाखा हुँदै वन्ती जाने बाटो स्थित कुलोसहितको गोरेटो बाटोको पूर्व र पश्चिमका कित्ता जग्गा र घरधनीहरुले पेश गरेको निवेदनको माग अनुसार कुलो, गोरेटो बाटो र पर्ति ऐलानी जग्गाहरुको नापी नक्शा अनुसार सिमाङ्कन गरेर भक्तपुर न.पा.को भौतिक पूर्वाधार तथा निर्माण मापदण्ड सम्बन्धी विनियम २०६० को संशोधन २०७२/८/१३ को परिच्छेद ५ को ५.५० (क) अनुसार पूर्वतिर गोरेटोको केन्द्र रेखाबाट ४.५० मि.मापदण्ड भएकोमा केन्द्र रेखाबाट ३.०० मि.सम्म रिटेनिङ्ग वाल लगाउने र १.५० मि. सेटब्याक घर निर्माणको समयमा छोड्ने र परिच्छेद ५ को ५.५७ अनुसार पश्चिमतिर कुलोको केन्द्र रेखाबाट ४.५० मि. मापदण्ड भएकोमा केन्द्र रेखाबाट ३.०० मि. सम्म रिटेनिङ्ग वाल लगाउने र १.५० मि. सेटब्याक घर निर्माणको समयमा छोड्ने गरी उक्त दुई रेखाबीचको चौडाइमा ग्राभेल गराउने एवम् पर्ति जग्गा भएको ठाउँमा २ मि. थप सेटब्याक रहनेछ । यसो गर्दा प्रत्येक जग्गाबाट बाटोमा योगदान के कति नापमा गएको छ पछि उक्त जग्गाहरुमा घर निर्माण गर्दा आवश्यक छोड्नुपर्ने प्रतिशत ग्राभेल बाटोमा हाल योगदान गरेकोलाई पनि गणना गर्न मिल्ने तर केन्द्ररेखाबाट ४.० मि.को तत्कालीन मापदण्डमा नक्सा पास गरी निर्माण भइसकेको घरहरुको हकमा स्वीकृत नक्सा अनुसार १.० मि. मात्र सेटब्याक राखी केन्द्र रेखाबाट ३.० मि. मा मात्र रिटेनिङ्ग वाल लगाउन रेखांकन गर्ने निर्णय गरियो ।

**ग. शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति**

मिति २०७७।१०।५ गतेको बसेको शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

१. भक्तपुर नगरपालिकाद्वारा जीर्णोद्धार सम्पन्न विश्व प्रसिद्ध ऐतिहासिक ङातापोल्हँ (पाँच तल्ले मन्दिर) को ऐतिहासिक, सांस्कृतिक पक्ष समेटेर विभिन्न विज्ञहरुको लेख संग्रह एवं उपभोक्ता समितिमार्फत जीर्णोद्धार कार्यको प्रगति विवरणसमेत समेटेर लेखिएको पुस्तक 'ङातापोल्हँ जीर्णोद्धार-२०७७' पुस्तक २००० प्रति प्रकाशन गर्ने निर्णय गरियो ।

२. भक्तपुर नगरपालिकाले प्रकाशन गर्ने ‘ङातापोल्हँ जीर्णोद्धार-२०७७’ पुस्तकको भाषा सम्पादन गर्ने नेपाली भाषा शिक्षक श्री ज्ञानसागर प्रजापतिलाई उहांको कार्यको उच्च मूल्यांकन गरी पारिश्रमिक वापत नगद रु.१५,०००।- (अक्षेरुपी पन्ध्र हजार रुपैयां मात्र) प्रदान गर्ने निर्णय गरियो । त्यस्तै पुस्तकको सम्पादनमा महत्वपर्ण योगदान गर्नु हुने विज्ञ श्री लक्ष्मण राज जोशीलाई पनि उहांको कार्यको उच्च मूल्यांकन गरी पारिश्रमिक वापत नगद रु.१५,०००।- (अक्षेरुपी पन्ध्र हजार रुपैयां मात्र) प्रदान गर्ने निर्णय गरियो ।

३. भक्तपुर नगरपालिका सहकारी (सामुदायिक) विद्यालयहरुमा प्रयोग गरिरहेको खानेपानीको स्वच्छता विषयमा अध्ययन अनुसन्धान गर्न नगरपालिकामा प्रस्तावना पेश गरी स्वीकृतिपछि 'water Sanitation and Hygiene' विषयमा स्नाकत्तोत्तर तहको थेसिस तयार गरी नगरपालिकामा बुझाउने ख्वप कलेज वातावरण विज्ञान संकायका विद्यार्थी श्री सृजना सुवाललाई धन्यवाद ज्ञापन सहित नगद रु.१२,०००।- (अक्षेरुपी बाह्र हजार रुपैयां मात्र) प्रदान गर्ने निर्णय गरियो ।